# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(उम्मेदवार छनौट तथा सिफारिस समिति)
गोलबजार, सिरहा
प्रदेश नं. २, नेपाल

**सेवा करारमा खरिद गर्ने सम्बन्धि पुनः प्रकाशित सूचना**
**(दोस्रो पटक सूचना प्रकाशन मितिः२०७६।०९ ।२४ गते )**

यस गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजारबाट मिति २०७६/०८/०८ गते सेवा करारमा लिने सम्वन्धी प्रकाशित सूचना बमोजिम विज्ञापन नं.१/०७६-७७, विज्ञापन नं. २/०७६-७७ र विज्ञापन नं. ३/०७६-७७ नगर प्रहरी ( सहायक निरिक्षक, हवल्दार र जवान ) पदको दरखास्त आह्वान भएको र सोही बमोजिम रितपुर्वक दर्ता हुन आएका दरखास्तहरु यथावत कायम रहने गरी देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही माग गरिएको पद र सेवा संग सम्बन्धित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र रितपुर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. नगर कार्यपालिकाको कार्यालयमा सेवा करारका पदहरु :

(क) नगर प्रहरी

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या | |
|---|---|---|---|---|
| १. | १/०७६-७७ | नगर प्रहरी सहायक निरिक्षक | १ | |
| २. | २/०७६-७७ | नगर प्रहरी हवल्दार | २ | |
| ३ | ३/०७६-७७ | नगर प्रहरी जवान | १२ | |
| | | जम्मा | १५ | |

३. परीक्षाको किसिम

विज्ञापन नं. १/०७६-७७, २/०७६-७७ र ३/०७६-७७ को हकमा : शारीरिक तन्दरुस्ती, स्वास्थ्य परीक्षण र अन्तरवार्ता

४. परीक्षा केन्द्र :

विज्ञापन नं. १/०७६-७७, २/०७६-७७ र ३/०७६-७७ को हकमा : ईलाका प्रहरी कार्यालय, गोलबजार, सिरहा

५. दरखास्त दस्तुर :

विज्ञापन नं. १/०७६-७७ देखि ३/०७६-७७ सम्मका हकमा : रु. ५०० ( पाँच सय ) मात्र ।

६. दरखास्त दस्तुर बुझाउने स्थान : नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा ।

७. दरखास्त दस्तुर बुझाउने अवधि : ७ दिन ( ७ औं दिन विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिन )

८. दरखास्तको माध्यम : कार्यालयमा स्वयं उपस्थित भई दरखास्त दिनुपर्नेछ ।

९. उम्मेदवारको उमेरको हद :

(क) विज्ञापन नं. नं. १/०७६-७७ देखि ३/०७६-७७ को हकमा : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

१०.परीक्षा कार्यक्रम : दरखास्त दिने अन्तिम दिनको भोलीपल्ट जानकारी गराइनेछ ।

११. पदमा रही गर्नुपर्ने कामको विवरण : पदको प्रकृति अनुसार कार्यालयले तोके बमोजिम ।

१२. तलब सुविधा : सेवा करार सम्झौतामा आपसी सहमतीमा सम्झौता भए बमोजिम ।

१३. सेवा गनुपर्ने निकाय : कार्यालय वा कार्यालय अन्तरगतका वडा कार्यालयहरु र विभिन्न स्वास्थ्य चौकीहरु

१४. आवश्यक न्यूनतम् योग्यता :

शैक्षिक योगग्यताः

विज्ञापन नं. १/०७६-७७ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र उतिर्ण, विज्ञापन नं. २/०७६-७७ को हकमा SEE वा SLC वा सो सरह उतीर्ण गरेको र विज्ञापन नं. ३/०७६-७७ को हकमा ८ ( आठ ) कक्षा उतीर्ण गरेको ।

शारिरीक योगग्यताः

- आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको
- पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट र तौल ४२ के.जि. भएको
- नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको
  भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

१५. छनौट तथा सिफारिश समितिले उम्मेदवारको शैक्षिक योग्यता, स्थानीयता, तालमि प्राप्त योग्यता तथा कार्य अनुभवको अंक गणना गरी उम्मेदवारको संक्षिप्त सूचि तयार गरी नामावली प्रकाशन गर्नेछ ।

सदस्य सचिव (उ.छ.तथा सि.स.)